नेपाल सरकार
गृह मन्त्रालय

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्याः ०७७/०७८
चलानी नं.: ६३३

बबरमहल, काठमाडौं
नेपाल ।

मितिः २०७८/०२/१२

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

**विषयः उच्च सतर्कता अपनाउने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा भोली जेठ १३ गतेदेखि जेठ १५ गतेसम्म नेपालमा धेरैजसो स्थानमा पानी पर्ने सम्भावना देखिएको छ । शक्तिशाली चक्रवात (Very Severe Cyclonic Storm) यास् (YAAS) समुद्रबाट जमिन तर्फ प्रवेश गरिसकेको छ र उक्त चक्रवात उत्तर-उत्तरपश्चिम सर्ने क्रममा छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार २०७८ जेठ १३, १४ र १५ गते प्रदेश १, प्रदेश २, बागमती, गण्डकी र लुम्बिनीप्रदेशका केहि स्थानमा र बाँकी प्रदेशका एक वा दुई ठाउँमामा मेघगर्जन/चट्याङ्ग सहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । गण्डकी, बागमती र प्रदेश १ का हिमाली/उच्च पहाडी भू-भागका केहि स्थानमा हल्कादेखि मध्यम हिमपात/वर्षाको सम्भावना रहेको छ । यसै सन्दर्भमा सर्वसाधारण एवम् विपद् व्यवस्थापनमा खटिने सबैलाई उच्च सतर्क अवस्थामा रहनुपर्ने बारे सञ्चार र अरु माध्यममार्फत सचेत गराउन, भू-क्षय र पहिरो जानसक्ने एवम् तराईमा बाढी आउन सक्ने सम्भावनालाई दृष्टिगत गरी हरेक जिल्लामा सुरक्षा निकाय, विपद् व्यवस्थापनमा संलग्न सरकारी एवम् गैरसरकारी निकाय र विषयगत क्षेत्रलाई उच्च सतर्क अवस्थामा रहन तथा विपद्को समयमा जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिकाको विशेष ध्यान दिने व्यवस्था हुन समेत निर्णयानुसार अनुरोध छ ।

..........................
(विजयकुमार महर्जन)
शाखा अधिकृत

**बोधार्थः**
श्री गृह मन्त्रालय
सिंहदरबार ।

फोनः ०१-५३५८२४०, ४१०२१९३, ४१०२१७९ टोल फ्रि: ११४९ इमेल : info@bipad.gov.np, ndrrma@gmail.com, URL:www.bipad.gov.np